# आठबीस नगरपालिका
# स्थानीय राजपत्र

खण्ड : १ संख्या : ९ मिति : २०७४/५/११


**भाग-२**

**आठबीस नगरपालिका**

# मदिरा नियन्त्रण र ब्यवस्थापन सम्बन्धमा बनेको कार्यबिधि-२०७४

मदिराजन्य पदार्थहरुको उपभोगबाट समाजमा झैझगडा, अशान्ति हुनुका साथै मानव स्वास्थ्यमासमेत प्रतिकुल असर पर्ने भएकोले आठबीस नगर पालिकामा मदिरा उत्पादन, भण्डारण, ओसार पसार, बेचबिखन र उपभोगलाई नियन्त्रण र व्यवस्थित गर्न होटल व्यवस्था तथा मदिराको बिक्रि वितरण (नियन्त्रण) ऐन २०२३, मदिरा ऐन २०३१, मदिरा नियम २०३३ बमो जिम यो कार्यबिधि बनाइएको छ । यो कार्यविधि  पारित भएको मितिदेखि यस नगर क्षेत्रभर लागू हुनेछ ।

१. **मदिरा बेचबिखन र उपभोग गर्न पाउने समयर स्थान** : खुद्रा बिक्रेताले अपरान्ह ४.०० बजेदीख ८.०० बजेसम्म र थोक बिक्रेताले बिहान १०.०० बजेदेखि अपरान्ह ४.०० बजेसम्म मात्र ।

२. मदिरा बेचविखन गर्ने होटल, पसल, व्यवसाय नगरपालिकामा दर्ता हुनुपर्ने, दर्ता नभएमा त्यस्तो व्यवसाय सञ्चालन गर्न नपाइने

३. मदिरा पसलबाट नाबालक, अशक्त, बिरामी, गर्भवती महिला, मदिराले मातेको व्यक्ति आदलिाई मदिरा बिक्री गर्न नपाइने,

४. मदिराका खाली बोतल, पाउच खुला राख्न पाइने छैन् । त्यस्ता सामग्रीको



सुरक्षित र सुब्यवस्थित ब्यवस्थापन बिक्रेता स्वयंले गर्नु पर्नेछ ।

५. यस नगरक्षेत्रमा मदिराजन्य पदार्थका विज्ञापन, प्रचार-प्रसार सामग्री, होडिङ बोर्ड आदि राख्न पाइने छैन र राखेकाले पनि तुरुन्त हटाउनु पर्नेछ ।

६. मदिरा बेचबिखन गर्न नपाइने स्थानहरू : शैक्षिक संस्था, सरकारी कार्यालय, स्वास्थ्य संस्था, धार्मिक स्थल, सार्वजनिकस्थल र तिनीहरूबाट १०० मिटरको दुरी भित्र,

७. दुईटा मदिरा पसलहरु बीचको दुरी कम्तीमा १०० मीटर हुनु पर्नेछ ।

८. मदिरा सेवन गरी प्रवेश गर्न नपाइने स्थानहरू: शैक्षिक संस्था, सरकारी कार्यालय, स्वास्थ्य संस्था, धार्मिक स्थल, सार्वजनिक सभा समारोह तथा मेला

९. मदिरा बिक्री बितरण र सेवन गर्न नपाउने व्यक्ति पदाधिकारी: जन निर्वाचित प्रतिनिधिहरू, राजनीतिक दलका पदाधिकारीहरू, शिक्षक, कर्मचारी लगायत सार्वजनिक पद धारण गरेका व्यक्तिहरू ।

१०. मदिरा पसल छुट्टै राख्नुपर्ने: किराना पसल, फेन्सी पसल, औषधि पसल, हार्डवेयर पसल आदिमा मदिरा भण्डारण बेचबिखन गर्न पाइने छैन, गरेको पाइएमा कानून बमोजिम कारबाही गरिनेछ ।

११. घरेलु मदिरा नियन्त्रण सम्बन्धमा देहाय बमोजिम गर्ने

क) उत्पादन सामग्री र कच्चा पदार्थ ब्यवस्थापन गर्न सार्वजिनक सूचना जारी गर्ने

ख) माथि उल्लेखित सूचना अनुसार नगरेमा सुरक्षा कर्मीको सहयोगमा त्यस्ता सामग्रीहरु नियन्त्रणमा लिई यसै कार्यविधि अनुसार दण्ड सजाय गर्ने

ग) घरेलु मदिरा र त्यसको उत्पादनमा प्रयोग हुने कच्चा पदार्थरऔषधि आदि सामग्री उत्पादन, ओसार पसार, बिक्री बितरणलाई नियन्त्रण गर्ने, यसको लागि सम्बद्ध पक्षहरुको सहयोगमा ब्यापारिक नाका, सवारी साधन, संभाव्य भण्डारण स्थलमा कडाइका साथ चेक जाँच गर्ने

घ) घरेलु मदिरा उत्पादन कार्यमा संलग्न असहाय, बिपन्न ब्यक्तिहरु भएमा उनीहरुका पहिचान गरी अन्य आय आर्जनका कार्यमा लाग्न प्रोत्साहन र सहयोग गर्ने

१२. दण्ड सजाय :

क) यस कार्यविधिमा गरिएका व्यवस्थाहरूको उल्लंघन गरेमापहिलो पटक

३०००, दोश्रो पटक ५००० र तेश्रो पटक १०००० र त्यस पछि पटकै पिच्छे रू १५,००० जरिवाना गरिनेछ ।मदिरा सेवन गर्न नपाउने भनी तोकिएका ब्यक्ति र पदाधिकारीहरुले मदिरा सेवन गरेको पाइएमा उनीहरुलाई यस खण्ड बमोजिमको दोब्बर दण्ड सजाय हुनेछ ।

ख) माथिका व्यवस्थाहरूको उल्लंघन गर्न दुरूत्साहन गर्नेलाइ खण्ड क मा उल्लेखित सजायको आधा दण्ड सजाय हुनेछ ।

ग) मदिरा नियन्त्रण कार्यमा सहयोग गर्ने, सुराकी गर्ने, सहि सूचना दिने व्यक्तिलाइ असुली भएको दण्डको १० प्रतिशत रकम प्रोत्साहन स्वरूप प्रदान गरिनेछ तर गलत सूचना दिनेलाइ खण्ड ख बमोजिम दण्ड सजाय हुनेछ ।

घ) यस कार्यविधिमा गरिएका व्यवस्थाहरूको उल्लंघन गर्ने, माथिका व्यवस्थाहरूको उल्लंघन गर्न दुरूत्साहन गर्ने, गलत सूचना दिने ब्यक्तिलाई नगरपालिकाबाट प्रदान गरिने सेवाहरु दिन रोक लगाइनेछ ।

१३. मदिरा नियन्त्रण कार्यमा स्थानीय जनप्रतिनिधि, सुरक्षाकर्मी विभिन्न संघ संस्था र निकायलाइ परिचालन गरिनेछ र उनीहरूले यस कार्यमा आवश्यक सहयोग तथा समन्वय गर्नुपर्नेछ ।

<u>आज्ञाले</u>

**मातृका प्रसाद भट्टराई**

**प्रमुख प्रशासकीय अधिकृत**